# जिल्ला समन्वय समिति

## रुपन्देही

### जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि

२०७४

तयार गर्ने

जिल्ला समन्वय समितिको कार्यालय

रुपन्देही

# जिल्ला समन्वय समिति

# रुपन्देही

## जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि - २०७४

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्थित गर्दै स्थानीय तहअन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्लासभा रहने व्यवस्था गरेको छ । संघ, प्रदेश, नगरपालिका र गाउँपालिकासँग प्रभावकारी समन्वय गर्ने र अनुगमनको माध्यमबाट जिल्लाको सन्तुलित विकासमा योगदान गर्ने महत्वपूर्ण जिम्मेवारी जिल्लासभा र जिल्ला समन्वय समितिलाई संविधानतः प्राप्त भएको छ । संविधानको मूल मर्मलाई आत्मसाथ गर्दै स्थानीय तहलाई प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन एवं स्थानीय तह वीचको सहकारिता,सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता,उत्तरदायित्व,पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न बनेको स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार जिल्लासभा र जिल्ला समन्वय समितिको भूमिका तथा कार्यलाई स्पष्ट पार्दै जिल्ला भित्रका गाउपालिका र नगरपालिका वीचको विकास निर्माणका विषय पहिचान र व्यवस्थापनका लागि समन्वय गर्दै जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता एवं व्यवस्थापनका लागि चरण चरणमा अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्गदर्शन गर्ने, जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन,अनुसन्धान तथा अनुगमन गरी विकास निर्माणमा सन्तुलन कायम गर्नका लागि मन्त्रालय,स्थानीय तह सम्वन्धित विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्वन्धित गाँउपालिका तथा नगरपालिका लाई समेत सुझाव दिन सक्ने भन्ने

व्यवस्था भएकोले उल्लेखित कार्यलाई थप स्पष्ट र प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ९२को उपदफा ४ ले दिएको अधिकार प्रयोग गर्दै जिल्ला समन्वय समितिको मिति २०७४।११।१० गतेको बोर्ड बेठकको निर्णय बमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद १–प्रारम्भ खण्ड

**१.कार्यविधिको नाम र प्रारम्भः**

क.यो कार्य विधिको नाम जिल्ला स्तरीय अनुगमन तथा समन्वय सम्बन्धी कार्यविधि २०७४ रहने छ ।

ख.यो कार्यविधि जिल्ला समन्वय समिति रुपन्देहीले स्वीकृत गरेको मितिदेखि लागु हुने छ ।

**२.परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) “कार्यविधि” भन्नाले जिल्ला स्तरीय अनुगमन सम्बन्धी कार्य्विधि, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) “सभा” भन्नाले जिल्ला सभालाई सम्झनु पर्दछ ।

(ग) “समिति” भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

(घ) “प्रमुख” भन्नाले जिल्ला समन्वय समितिको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) “सदस्य” भन्नाले जिल्ला समन्वय समितिका सदस्यलाई सम्झनु पर्दछ ।

(छ) “उपसमिति” भन्नाले जिल्ला स्तरीय अनुगमन उपसमितिलाई सम्झनु पर्दछ ।

(ज) “स्थानीय तह” भन्नाले गाउँपालिका र महा/उपमहा/नगरपालिकालाई सम्झनु पर्दछ ।

(झ) “जि.स.स” भन्नाले जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

(ञ) “कार्यालय” भन्नाले जिल्ला समन्वय समितिको कार्यालयलाई सम्झनु पर्दछ ।

(ट)“योजना/आयोजना” भन्नाले जिल्ला भित्र सरकारी एवं गैर सरकारी संघ संस्थाद्वारा सञ्चालनमा रहेका योजना तथा आयोजनाहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद २–अनुगमन खण्ड

**३.उद्धेश्य**

क. जिल्ला भित्र सञ्चालित संघ,प्रदेश,स्थानीय तह,गैसस तथा दातृ संस्था वा साझेदारीमा सञ्चालित योजना तथा विकास निर्माण सम्वन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको नियमित रुपमा अनुगमन एवं सुपरीवेक्षण गर्ने गराउने वा सो को प्रवन्ध मिलाउने ।

ख. जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन,अनुसन्धान तथा अनुगमन गर्ने ।

ग. जिल्लाभित्र सञ्चालन हुने भौतिक,सामाजिक,पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्ने ।

घ. विकास आयोजनाहरु सञ्चालनमा देखिएका वाधा अड्काउ फुकाई कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।

ङ. नदीजन्य पदार्थ लगायत प्राकृतिक श्रोत साधनको उत्खनन्,कटान,उपयोग र निकासीको अध्ययन,अनुसन्धान र अनुगमन गरी सम्वन्धित निकायमा आवश्यक सुझाव दिने ।

च. सञ्चालित योजना तथा आयोजनाहरु तोकिएको समयमा सम्पन्न गराउन सहयोग पुऱ्याउने ।

छ. अनुगमनको क्रममा योजना तथा आयोजनाहरुको सञ्चालनमा ढिलासुस्ती,लापरवाही,चुहावट र स्रोतको दुरुपयोग देखिएमा सो को नियन्त्रणका लागि स्थानीय तह,संघ र प्रदेशमा आवश्यकता अनुसार सुझाव दिने र सो को पालना भए नभएको फलोअप गर्ने ।

ज. कुनै पनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पार्ने असर र प्रभावको अनुगमन गरी सहजीकरण गर्ने ।

झ. जिल्लाको दिगो विकासमा सहयोग पुऱ्याउने ।

**४.अनुगमनको क्षेत्रः**

नेपालको संविधान २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रही जिल्ला समन्वय समितिले जिल्ला भित्र सञ्चालनमा रहेका राष्ट्रिय गौरवका योजना राष्ट्रिय,प्रदेश,जिल्ला तथा ,स्थानीय तह,गैसस तथा दातृ संस्थावाट सञ्चालित विकास निर्माण तथा सेवा सम्वन्धी योजना तथा आयोजनाहरुको अनुगमन गर्ने क्रममा आयोजना सञ्चालन गर्ने निकायको प्रशासनिक,आर्थिक र योजना तथा आयोजनाहरुको सञ्चालन तथा निर्णय प्रकिया समेतको अनुगमन गर्न सक्नेछ । यसरी अनुगमन गर्दा निम्न कुरामा विशेष ध्यान पुऱ्याउनु पर्ने छ ।

क.योजना/आयोजना/कार्यक्रमको छनौट प्रक्रिया (पहिचान,प्राथमिकीकरण,छनौट)।

ख.आयोजनाको कूल लागत अनुमान।

ग.योजना/आयोजना/कार्यक्रमको समावेसीकरण,सन्तुलन,मूल्यांकन र पृष्ठपोषणको अवस्था।

घ.योजना/आयोजना/कार्यक्रमको सञ्चालन र व्यवस्थापन।

ङ.आयोजना सञ्चालनको निर्धारित समय तालिका लगायत समग्र कार्ययोजना।

च.जनसहाभगिता तथा आपसी समन्वय।

छ. योजना/आयोजना सञ्चालनको क्रममा देखा परेका प्रमुख समस्या तथा अप्ठ्यारोहरु।

ज. योजना/आयोजना कार्यान्वयनका लागि आवश्यक सामग्री,श्रोतसाधन तथा जनशक्तिको पर्याप्तता।

झ. योजना/आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने सेवा तथा सामग्रीको खरिद प्रक्रिया।

ञ.सम्वन्धित प्राविधिकहरुवाट हुनु पर्ने नियमित सुपरीवेक्षणको अवस्था।

**५.उपसमिति गठन र वैठक सम्वन्धी व्यवस्था**

१.जिल्ला भित्र सरकारी एवं गैर सरकारी संघ संस्थाद्वारा सञ्चालनमा रहेका योजना तथा आयोजनाहरुको अनुगमन जि.स.स आफैले पनि गर्न सक्ने छ। साथै आवश्यकता अनुसार अनुगमनका लागि विषयगत अनुगमन  उपसमितिहरु गठन गर्न सक्ने छ।

२.उपसमितिको संयोजक सहित आवश्यक पदाधिकारीहरुको संख्या समितिले तोक्ने छ।

३.उपसमितिको कार्यवोझलाई दृष्टिगत गरी समितिले आवश्यक सहयोगी कर्मचारीहरु उपलव्ध गराउने छ।

४.उपसमितिको वैठक कम्तिमा महिनाको एक पटक अनिवार्य रुपमा वस्ने छ तर आवश्यक परेमा संयोजकले जुनसुकै समयमा पनि वैठक बोलाउन सक्नेछ।

५.उपसमितिलाई आवश्यक पर्ने श्रोत, साधन र वजेट  जि.स.स.ले व्यवस्था गर्नु पर्ने छ।

६.उपसमितिले आफुले गरेको अनुगमनको प्रतिवेदन मासिक रुपमा जि.स.स.मा पेश गर्नु पर्ने छ।

## ६.अनुगमनको समीक्षा,सुझाव,निर्देशन र प्रतिवेदन सम्वन्धि व्यवस्था

१. जि.स.स.ले आफैले गरेको अनुगमन वा उपसमितिद्वारा पेश अनुगमन प्रतिवेदनको नतिजा उपर मासिक रुपमा छलफल एवं समीक्षा गरी यसै कार्यविधिको भाग ४को वुँदा नं क देखि झ सम्मका विषयको गाम्भीर्यताका आधारमा सम्वन्धित निकायमा सुधारका लागि सुझाव वा निर्देशन दिन सक्ने छ । तर यस प्रकारको समीक्षा वैठक आवश्यकता अनुसार जति पटक बस्न पनि कार्यविधिले वाधा पुऱ्याएको मानिने छैन ।

२. दफा ६को उपदफा १ अनुसार दिइएको सुझाव वा निर्देशन योजना तथा आयोजना सञ्चालन गर्ने निकायले कार्यान्वयन नगरी ढिलासुस्ती गरेमा जि.स.स.ले काम रोक्का गर्न वा कारवाही गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने छ ।

३. जि.स.स.ले आफैले गरेको अनुगमन वा उपसमितिद्वारा पेश अनुगमन प्रतिवेदनको समीक्षा वैठकमा आवश्यकता अनुसार आयोजना सञ्चालन गर्ने निकायलाई पनि आमन्त्रण गर्न सक्ने छ ।

४. जि.स.स.ले अनुगमन पश्चात दिएको निर्देशनको पालना गर्नु सम्वद्ध पक्षको कर्तव्य हुने छ ।

५. जि.स.स.ले समीक्षावाट प्राप्त निष्कर्ष सहितको प्रतिवेदन त्रैमासिक रुपमा संघ र प्रदेशका सम्वन्धित मन्त्रालयमा पठाउनु पर्ने छ ।

## ७.अनुगमनमा सम्वन्धित स्थानीय तहका पदाधिकारीहरुलाई सहभागी गराउन सकिने

समिति वा उपसमितिले अनुगमनको क्रममा आवश्यकता अनुसार आयोजना सञ्चालन गर्ने निकाय स्थानीय तह,गै.स.स. संघसंस्थाका प्रतिनिधि,सम्वन्धित विषय विशेषज्ञ र प्रविधिकहरुलाई समेत सहभागी गराउन सक्नेछ ।

## ८.अनुगमनमा संलग्न पदाधिकारीहरुको सुविधा सम्वन्धि व्यवस्था

१.अनुगमनको सिलसिलामा आयोजना तथा योजना निरीक्षणकोलागि योजनास्थलमा जाँदा पदाधिकारीहरुले कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नु पर्ने छ तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा अवश्यक पर्ने सवारी साधनको प्रवन्ध कार्यालयले मिलाउनु पर्ने छ ।

२. अनुगमनमा जाँदा अनुगमनका पदाधिकारीहरु एवं आमन्त्रित कर्मचारी वा विशेषज्ञले जि.स.स.ले तोके अनुसारको अनुगमन भत्ता पाउने छन् ।अन्य लजिष्टिकको हकमा कार्यालयले आवश्यकता अनुसार व्यवस्था मिलाउने छ ।

३.उपसमितिको वैठकमा भाग लिए वापत उप समितिका सवै पदाधिकारीहरु तथा अन्य आमन्त्रित कर्मचारी,प्राविधिक र विशेषज्ञहरुले समेतलाई जि.स.स. पदाधिकारीहरु सरह वैठक भत्ता पाउने छन् ।

## परिच्छेद ३–समन्वय खण्ड

### ९.उद्येश्य

क. जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय , गाँउपालिका र नगरपालिका विच समन्वय गर्ने

ख. जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान एवं व्यवस्थापन गर्ने ।

ग.जिल्ला भित्रका विकास तथा निर्माण सम्वन्धीकार्यमा सन्तुलन भए नभएको सम्वन्धमा अध्ययन एवं अनुसन्धान गर्ने ।

घ.जिल्लाभित्र सञ्चालन हुने भौतिक,सामाजिक,पर्यावरणीय तथा सामाजिक विकास कार्यमा गुणस्तर कायम गर्ने ।

ङ.विकास आयोजनाहरु सञ्चालनमा देखिएका वाधा अड्काउ फुकाई कार्यान्वयनमा प्रभावकारिता ल्याउने ।

च.नदीजन्य पदार्थ लगायत प्राकृतिक श्रोत साधनको उत्खनन्,कटान,उपयोग र निकासीको अध्ययन,अनुसन्धान र समन्वय गरी सम्वन्धित निकायमा आवश्यक सुझाव दिने ।

छ.जिल्लाभित्रका संघीय,प्रदेश,स्थानीय,कार्यालय/निकाय,गाउँपालिका र नगरपालिकबिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने।

ज. जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

झ.जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था सामुदायिक तथा निजी क्षेत्रसँग समन्वय गर्ने।

ञ.कुनै पनि दुई वा बढी निकाय वीच साझा चासो र जिम्मेवारीका कारण आयोजना कार्यान्वयनमा पार्ने असर र प्रभावको विषयमा समन्वय गरी सहजीकरण गर्ने ।

ट.जिल्लाको दिगो विकासमा सहयोग पुऱ्याउने ।

**१०.समन्वयको क्षेत्र:**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रही जिल्ला समन्वय समितिले जिल्लाको दिगो,सन्तुलित एवं व्यवस्थित विकासका लागि  गाँउपालिका,नगरपालिक,प्रदेश र संघद्वारा जिल्ला भित्र सञ्चालन हुने,सञ्चालनमा रहेका विभिन्न राष्ट्रिय गौरवका योजना तथा विकास निर्माण तथा सेवा सम्वन्धी प्रदेश एवं स्थानीय तहका योजना तथा आयोजनाहरुको पहिचान/अनुगमन गर्ने क्रममा आयोजना सञ्चालन गर्ने निकाय संग आवश्यक समन्वय गर्न सक्नेछ। यसरी समन्वय गर्दा विशेष गरी निम्न कुरामा विशेष ध्यान पुर्‍याउनु पर्ने छ ।

क.अन्तर स्थानीय तहवीच नीतिगत समन्वय।

ख.विकास निर्माण संग सम्वन्धित योजना/आयोजना वीचको सन्तुलन।

ग.संघ,प्रदेश र स्थानीय तहवीचको अन्तरसम्वन्ध।

घ.आयोजना छनौट एवं सञ्चालनमा  दोहोरोपन।

ङ.सबै जात जाति वर्ग,क्षेत्र,लिङ्गको आधारमा विकास निर्माणका योजनाहरुको समाबेशिता।

च. नियमित अनुगमन,मूल्यांकन तथा सुपरीवेक्षणको अवस्था।

छ.ऐन नियम अनुसार योजना आयोजना छनौट प्रक्रिया।

ज.दिगो विकास संग सम्वन्धित विकास योजना तथा आयोजनाहरुको गुणस्तरियता।

झ.योजना तथा आयोजनाहरुको हस्तान्तरण पश्चातको मर्मत सम्भारको अवस्था।

ञ. जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको व्यवस्थापकीय, समुदाय परिचालन तथा प्राविधिक निपुणता लगायतका विषयमा जनशक्ति व्यवस्थापन एवं क्षमता विकासको अवस्था ।

ट.स्थानीय,जिल्ला, अन्तर जिल्लास्तरीय, राष्ट्रिय, प्राथमिकता प्राप्त वा राष्ट्रिय गौरवका आयोजनाहरुको सञ्चालनका लागि आवश्यक निर्माण सामग्रीको उपलव्धता।

ठ. आयोजना सञ्चालनको क्रममा देखा परेका प्रमुख समस्या अप्ठ्यारा एवं विवादहरु।

ड.जनचासोका विषयहरु।

ढ.जिल्लास्तरीय अभियानका विषयहरु।

## ११.समन्वय प्रक्रिया

राष्ट्रियस्तरका विकासका प्राथमिकताहरू, स्थानीय आवश्यकता, जिल्लाभित्रका सम्भावना र चुनौतीहरूलाई मध्यनजर राख्दै जिल्लाभित्रका सबै गाउँपालिका, नगरपालिका तथा जिल्लामा रहने संघ तथा प्रदेशस्तरका कार्यालयहरू एवं जिल्लामा क्रियाशील नागरिक समाज (गैसस) समेतको सहभागितामा जिल्लाको दिगो विकासका लागि,गैसस, नीजि क्षेत्र, उद्योग वाणिज्य संघ लगायत सार्वजनिक तथा सरकारी क्षेत्रका गतिविधिलाई समन्वयात्मक रुपमा संचालन गर्न,विकास निर्माण तथा स्थानीय स्तरमा सेवा प्रवाहसँग सम्बन्धित विषयमा पर्न आएका गुनासाहरू समाधान गर्नुका साथै जिल्लाको सम्वृद्धि,समग्र एवं सन्तुलित विकासका लागि नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ले गरेको व्यवस्था अनुसार समन्वयका लागि निम्न प्रक्रियाहरु अवलम्वन गरिने छ ।

क. गाउँपालिका, नगरपालिका तथा जिल्लामा रहने संघ तथा प्रदेशस्तरका कार्यालयहरू एवं जिल्लामा क्रियाशील नागरिक समाज (गैसस) समेतको सहभागितामा जिल्लाको दिगो विकासका लागि साझा अवधारण तय गर्ने ।

ख. जिल्लाभित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्ने ।

ग. स्थानीय तहको योजना छनौट प्रक्रियामा आवश्यक सहयोग र सहजीकरण गर्ने ।

घ.विकास निर्माण एवं सेवा प्रवाहको सन्दर्भमा स्थानीय तहहरुवीच देखिएका विवादहरु संवन्धित पक्षहरुको उपस्थितिमा समाधानका लागि पहल गर्ने ।

ङ.जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने।

च. जिल्लामा क्रियाशील नागरिक समाज (गैसस) समेतको सहभागितामा जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्ययोजना तयार गरी स्थानीय तहलाई कार्यान्वयनका लागि प्ररित गर्ने ।

छ.सघन अनुगमनको माध्यमवाट जिल्ला भित्र सञ्चालित योजना तथा आयोजनाहरुको समस्याहरुको पहिचान गरी सम्वन्धित स्थानीय तह वा निकायलाई सुधारका लागि सुझाव सहित सचेत गराउने र सचेत गराउँदा समेत वेवास्ता गरेमा प्रदेश वा संघमा लेखि पठाउने ।

ज.प्राकृतिक श्रोत साधन तथा वातावरण संरक्षणकालागि प्रदेश र स्थानीय तहहरु संगको समन्वयमा आवश्यक स्थानीय नीति एवं कार्ययोजना तय गरी कार्यानवयनका लागि स्थानीय तहहरुलाई प्रेरित एवं मार्गदर्शन गर्ने ।

झ.सेवा प्रवाहको आधारमा प्रत्येक वर्ष प्रत्येक स्थानीय तहहरुलाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने ।

ञ.स्थानीय तहहरुलाई आवश्यक पर्ने मानव संसाधन एवं प्रविधि हस्तान्तरण्का लागि अन्तर स्थानीय तहहरुविच वैठक,छलफल,गोष्ठी र अन्तरक्रियाको व्यव्सथा मिलाउने ।

ट.स्थानीय तहहररुद्वारा सम्पादित अनुकरणीय कार्यहरु सम्भावनाहरुको पहिचान गरी प्रकाशन एवं प्रशारणको माध्यम वाट जन समक्ष प्रवाह गर्ने ।

ठ. प्रत्येक तीन तीन महिनामा स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरु वीच समन्वयात्मक वैठठकको आयोजना गरी अनुभव आदानप्रदान,समस्यको समाधान तथा दीगो विकासका विषयमा छलफल गर्ने व्यवस्था मिलाउने ।

ड.प्रत्येक चौमासिकमा स्थानीय निकायहरुले भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समितिमा पठाउने व्यवस्था मिलाउने ।

ढ.कम्तिमा वर्षको २ पटक जिल्ला स्तरीय समीक्षा गोष्ठीको आयोजना गर्ने ।

ण.चौमासिक रुपमा प्रदेश र संघमा प्रगति प्रतिवेदन पेश गर्ने ।

**१२.उपसमिति गठन र वैठक सम्वन्धी व्यवस्था**

क.जिल्लाको समग्र विकासको सन्दर्भमा जिल्ला भित्रका स्थानीय निकाय, प्रदेश एवं सरकारी एवं गैर सरकारी संघ संस्थाहरु वीच समन्वय गर्ने कार्य जि.स.स आफैले गर्ने छ । साथै आवश्यकता अनुसार समन्वयका लागि समन्वय उपसमिति पनि गठन गर्न सक्ने छ ।

ख.उपसमितिको संयोजक सहित आवश्यक पदाधिकारीहरुको संख्या समितिले तोके बमोजिम हुनेछ ।

ग.उपसमितिको कार्यवोझलाई दृष्टिगत गरी समितिले आवश्यक सहयोगी कर्मचारीहरु उपलव्ध गराउने छ ।

घ.उपसमितिको वैठक कम्तिमा महिनाको एक पटक अनिवार्य रुपमा वस्ने छ तर आश्यक परेमा संयोजकले जुनसुकै समयमा पनि वैठक बोलाउन सक्नेछ ।

ङ.उपसमितिलाई आवश्यक पर्ने श्रोत, साधन र वजेट  जि.स.स.ले व्यवस्था गर्नु पर्ने छ ।

च.उपसमितिले आफुले गरेको समन्वय सम्वन्धी कार्यको प्रतिवेदन मासिक रुपमा जि.स.स.मा पेश गर्नु पर्ने छ ।

**१३.पदाधिकारीहरुको सेवा सुविधा सम्वन्धि व्यवस्था**

**क.**समन्वयको सिलसिलामा फिल्डमा खटिइ जाने पदाधिकारीहरु,विशेषज्ञ एवं कर्मचारी हरुले जि.स.स.ले तोके अनुसारको सेवासुविधा पाउने छन् ।अन्य लजिष्टिकको हकमा कार्यालयले आवश्यकता अनुसार व्यवस्था मिलाउने छ ।

**ख.**.उपसमितिको वैठकमा भाग लिए वापत उप समितिका सवै पदाधिकारीहरु तथा अन्य आमन्त्रित कर्मचारी,प्राविधिक र विशेषज्ञहरु समेतले जि.स.स. पदाधिकारीहरु सरह वैठक भत्ता पाउने छन् ।

## परिच्छेद ४–विविध खण्ड

**१४.बाधा अड्काउ फुकाउ, परिमार्जन ,संशोधनः र खारेजी सम्वन्धि व्यवस्था**

क.यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा जिल्ला समन्वय समितिले निर्णय गरी फुकाउन सक्नेछ ।

ख.कार्यविधिलाई आवश्यकता अनुसार जिल्ला समन्वय समितिले निर्णय गरी  परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

ग यस कार्यविधिमा उल्लेखित कुराहरुलाई स्वीकृत गर्ने, अस्वीकृत गर्ने, आशिक स्वीकृति गर्ने ,खारेज गर्ने सबै अधिकार जिल्ला समन्वय समितिमा निहित रहनेछ

घ.यस कार्यविधिका अन्य दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि लागु भए पछि लगत्तै वसेको जिल्ला सभाले यसलाई अनुमोदन गर्नु पर्नेछ । यो कार्यविधि स्वीकृत गर्ने, अस्वीकृत गर्ने, आशिक स्वीकृति गर्ने वा खारेज गर्ने सम्पूर्ण अधिकार जिल्ला सभालाई हुने छ  ।

अनुसूची-१

**जिल्ला समन्वय समितिको कार्यालय**

**रुपन्देही**

**आयोजनाहरुको अनुगमन प्रतिवेदन**

अनुगमन मिति :-

**योजना /आयोजनाको संक्षिप्त विवरण :**

क.योजना /आयोजना सञ्चालन गर्ने निकाय :

क. योजना /आयोजनाको नाम :

ख. संचालित स्थान :...............................गा.पा.............................. वडा नं.........

ग. कूल लागत रु. .................

घ. स्वीकृत श्रोतहरु

    क. सम्वन्धित स्थानीय सरकार वाट रु

    ख. उपभोक्ता बाट रु. ..................

    ग. नेपाल सरकार बाट रु. .................

छ. अन्य......................बाट रु. .................

ज. योजना /आयोजना सम्झौता मिति :-

झ. योजना /आयोजना सम्पन्न गर्नुपर्ने मिति :-

ञ. म्याद थप भएको भए थप म्याद :-

ट.उपभोक्ता समितिको अध्यक्षको नाम,ठेगाना /वा ठेकेदारको नाम,ठेगानाः-

ठ. पेश्की/भुक्तानी भएको रकम

प्रथम किस्ता रु.

दोश्रो किस्ता रु.

तेश्रो किस्ता रु.

जम्मा

२. संचालित योजन /आयोजनाको ब्यवस्था

क. प्राविधिक मूल्यांकन भईसकेको भए सोको प्रगति प्रतिशत

ख.उपभोक्ता समितिको सक्रियता भएको /नभएको............

ग. भौतिक रुपमा हेर्दा देखिने अवस्था ..................

घ. कार्यतालिका अनुसार कार्य भए/नभएको................

घ निर्माण सामाग्रीहरुको निर्माण स्थलमा देखिएको भए सोको विवरण........

| क.सं. | सामाग्रीको नाम | अनुमानित परिणाम | अनुमानित मूल्य |
|---|---|---|---|
| क | | | |
| ख | | | |
| ग | | | |
| घ | | | |
| ङ | | | |

३ योजना/आयोजना कार्यान्वयनमा देखा परेका समस्याहरु :

उपभोक्ता समितिको भनाई

क

ख

ग

घ

ङ

अनुगमनकर्ताको दृष्टिकोणमा देखा परेका समस्याहरु :

क

ख

ग

घ

४ उपभोक्ता समितिका अध्यक्ष उपाध्यक्ष/बडाध्यक्षको दृष्टिकोण :

क

ख

ग

५ योजना /आयोजन सम्पन्न गराउनका लागि सुझावहरु(अनुगमनकर्ताको दृष्टिकोण)

क

ख

ग

६ अनुगमनको क्रममा सम्पर्क गरिएका स्थानीय व्यक्तिहरु

| क्र.सं. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| | | | | |

७ अन्य

रकम पेश्की लगेर हाल सम्म कार्य प्रारम्भ नै गरेको छैन भने,

क रकम पेश्की लग्ने व्यक्ती संग सम्पर्क भयो भएन यदि भएको भए निजको भनाई के छ?

..................................

ख निजको कावु बाहिरको परिस्थितिले कार्य प्रारम्भ गर्न नपाएको हो वा लापरवाही गरी रकम मस्यौड गर्ने सोचाइ राखेको हो अनुगमन कर्ताको राय

.......................................

ग निज सम्पर्क नै हुन सकेन भने निज कहा छन निजको परिवारका नाता पर्ने सदस्यको भनाई

................................................

.................................................

८ अनुगमनकर्ता द्धारा अनुगमनको समयमा योजना कार्यान्वयनको सिलसिलामा ठेकेदार/उपभोक्ता समितिलाई दिइएको निर्देशन

...................................................

...................................................

९.योजना /**आयोजनाको गुणस्तर**

...................................................

...................................................

<u>अनुगमन कर्ताको नाम थर:</u>

क पद:

ख दस्तखत:

ग मिति:

<u>अन्य अनुगमन कर्ताहरु</u>

१.

२.

३.

अनुसूची-२

जिल्ला समन्वय समितिको कार्यालय

रुपन्देही

# योजना/आयोजना निरिक्षण पश्चात भर्नुपर्ने फारमको नमूना

आव.....................

अवधिः

...........................देखि .......................सम्म                    जिल्ला                    स्थानीय तह ...............................

| क्र सं . | आयोजनाको नाम | योजनाको ठेगाना गर्ने मुख्य निकाय वा व्यक्ति | यस अवधि को लक्ष्य | यस अवधिको प्रगति | प्रगति प्रतिशत | लक्ष्य अनुसार प्रगति हुन नसक्नाको कारण वा बढी प्र.हुनका कारण | कम प्रगति भएकोमा अर्कौ अवधिमा पुरा गर्न लिने रणनीति | समस्या समाधान गरिएका उपायहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची-३

जिल्ला समन्वय समितिको कार्यालय
रुपन्देही

# समन्वय सम्वन्धी अभिलेख फाराम

| क.स. | मिति | समन्वय सम्वन्धी कार्यको विवरण | सम्वद्ध निकाय | | | सम्वन्धित पक्ष |
|---|---|---|---|---|---|---|
| | | | संघ | प्रदेश | स्थानीय तह | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |